# रामारोशन गाउँपालिका

## शान्तडा, अछाम

## सुदूरपश्चिम प्रदेश, नेपाल

रामारोशन गाउँपालिका अध्यक्ष

## श्री मान बहादुर साउद ज्यूद्धारा प्रस्तुत

## आ.ब.२०८१/०८२ को नीति तथा कार्यक्रम

रामारोशन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तडा, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**मिति:** २०८१/०३/१०

उपस्थित सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरु,

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मुलुकको सर्वाङ्गीण विकास समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनीतिक क्रान्ति, १० बर्षे जनयुद्ध एवम् विभिन्न जन आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात- अज्ञात सहिदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। देशमा राजनीतिक परिवर्तनको लागि नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय सम्पूर्ण जनताहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु। समाजवाद उन्मुख आर्थिक-सामाजिक रूपान्तरणका लागि राजनीतिक स्थायित्व, सुशासन, विकास र सामाजिक न्यायसहित समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न प्रतिबद्ध छ। जनताको सुख र समुन्नतिका लागि सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै जनतामा राज्यप्रति आशा र भरोसा जगाउने गरी स्थानीय सरकारले आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ।

संविधान कार्यान्वयन, सङ्घीयताको सबलीकरण, अर्थतन्त्रको सुधार र पुनरुत्थान, उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा सुधार र सरलीकरण, नागरिकमैत्री शासन प्रणालीको स्थापना तथा भ्रष्टाचार नियन्त्रण सरकारका मुख्य जिम्मेवारी हुन।

सीमित स्रोतबाट जनताको असीमित आकांक्षा परिपुर्ति गर्नु स्थानीय सरकारको लागि अवसर र चुनौति दुवै हो। तमाम अभाव र आकांक्षाका वीच रामारोशन गाउँपालिकाको समग्र विकास र समृद्धि तथा रामारोशन पर्यटन क्षेत्रको विकासका लागि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा सम्मानित गाउँ सभामा पेश गर्ने अनुमति चाहन्छु ।

## १.सुशासन तथा संस्थागत विकास तर्फः

१. सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग सुनिश्चित गरिने छ।
२. सेवा प्रवाहसंग सम्बन्धित आवश्यक कानूनहरु निर्माण गरिने छ।
३. बार्षिक खरिद योजना निर्माण गरि सार्वजनिक खरिदलाई प्रभावकारी र व्यवस्थित गरिने छ।
४. राजस्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाईनेछ। विद्यमान कर प्रणालिमा पुनरावलोकन गरिने छ। राजस्वको दायरा विस्तार गरिनेछ, सबै प्रकारका आर्थिक क्रियाकलापलाई औपचारिक प्रणालिमा आवद्ध गरिने छ।
५. गाउँपालिकाको समग्र सेवा प्रवाह तथा विकास गतिविधि आम जनतासँग पुर्याउन पत्र पत्रिका रेडियो, कार्यक्रम संचालन गरिने छ।
६. कर्मचारीको कार्यसम्पादन हेरी उत्कृष्ट कर्मचारी छनौट गरी पुरुस्कृत गरिने छ।
७. राष्ट्रसेवक कर्मचारीहरुको कार्य क्षमता वृद्धि र विकासका लागि विभिन्न तालिमहरु सञ्चालन गरिने छ।
८. सरकारी खर्चमा मितव्ययिता कायम गरिनेछ, आर्थिक प्रशासनलाई थप पारदर्शि, नतिजामुखि र सूचना प्रविधिमा आधारित बनाइने छ।
९. महालेखा परिक्षकको कार्यालयले औल्याएका बेरुजुको समपरिक्षण तथा फछर्यौट सम्बन्धि आवश्यक कार्य गरिने छ।
१०. वित्तीय जोखिम न्यूनीकरणका लागि अर्ध वार्षिक रुपमा आन्तरिक लेखा परीक्षण गरिने छ।
११. कार्यालयको चौमासिक रुपमा समिक्षा गरिने छ।
१२. संस्थागत सुशासन प्रवर्द्धनका लागि नियमानुसार सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण गरिने छ।
१३. रामारोशन गाउँपालिकामा रहेका सार्वजनिक कार्यालयहरुमा सूचना अधिकारीको व्यवस्थापन गरि सूचना प्रवाहमा सरलता ल्याइने छ।
१४. सूचनाको हक सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
१५. जनप्रतिनिधिहरुको कार्य क्षमता वृद्धि र विकासका तालिम सञ्चालन गरिनेछ।

१६. न्यायिक क्षेत्रको सम्पादन सुदृढीकरण तथा व्यवस्थित गर्न न्यायिक सम्बन्धी प्रसार प्रचारका कार्यक्रम गरिनेछ।

१७. मेलमिलाप सम्बन्धी तालिमहरु सञ्चालन गरिनेछ,

१८. स्थानीय न्यायिक क्षेत्र प्रभावकारी बनाउन न्यायिक इजलास व्यवस्थापन गरिनेछ।

१९. विकास निर्माण कार्यमा सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको सहकार्य गर्ने नीति लिइने छ।

## २. सामाजिक विकास तर्फः

१ सवैका लागि स्वास्थ्य, स्वास्थ्यका लागि सवै, आदर्शलाइ कार्यान्वयन गरीनेछ।

२ जनताले पाउनुपर्ने गुणस्तरीय आधारभूत स्वास्थ्य सेवालाई मध्येनजर गर्दै स्वास्थ्यचौकी र सामुदायिक स्वास्थ्य इकाईको भौतिक संरचनाको गुणस्तर सुधार गरिनेछ।

३ जेष्ठ नागरिकको निःशुल्क सुगर तथा प्रेसर र स्वास्थ्य जाचँ गर्ने गरी अध्यक्ष जेष्ठ नागरीक स्वास्थ्य प्रर्वधन कार्यक्रम संचालन गरिनेछ।

४ स्वास्थ्य विमा कार्यक्रम लाई ब्यवस्थित बनाई निरन्तरता दिइनेछ।

५ जनतालाई घर दैलोमा निःशुल्क स्वास्थ्य सेवाको अनुभुति गराउन ७ वटै वडाको स्वास्थ्य संस्थाहरुको सेवा व्यवस्थापन गर्न अनुदान रकम उपलब्ध गराइने छ। साथै स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड पालना गर्न गुणस्तरीय सेवा दिन स्वास्थ्य संस्थाको लागि आवश्यक व्यवस्थापनको कार्यलाइ निरन्तरता दिइने छ।

६ गुणस्तरीय औषधीमा जनताको पहुँच, औषधीको समुचित प्रयोग, अत्यावश्यक औषधी र उपकरणको प्रयाप्त उपलब्धता गराई स्वास्थ्य सेवा प्रभावकारी र जनमुखी बनाउन विशेषज्ञ सहितको शिविरहरु सञ्चालन गरिनेछ।

७ मातृ तथा शिशु स्वास्थ्यको क्षेत्रमा प्रगती भएता पनि भौगोलिक विकट्ता र आर्थिक विपन्नता भएका ठाउँमा मातृ मृत्युदर र नवजात शिशु मृत्युदरमा कमी ल्याउन महिलाहरुको प्रजनन् स्वास्थ्य, सामुदायिक प्रसूति केन्द्रको विस्तार, गुणस्तरीय प्रसूति सेवा, सामुदायमा आधारित नवजात शिशु सेवाद्वारा मृत्युदर घटाउन दक्ष जनशक्ति बनाउन तीव्र गतिमा पालिका स्तरबाट व्यवस्थापन गरिने छ।

८ समनता, जवफदेहिता, जनसहभागिता जस्ता प्राथमिक स्वास्थ्य सेवाका सिद्धान्तहरु प्रति प्रतिबद्ध रहि 'सबैका लागि स्वास्थ्य' र 'सबै स्वास्थ्यका लागि' अभियान अघि बढाउन गाउँपालिका प्रयत्नशील रहनुका साथै स्वास्थ्यका सामाजिक कारक तत्वहरुका महत्त्वलाई आत्मासात गर्दै अन्य सामाजिक नीतिहरुमा पनि स्वास्थ्य सरोकार प्रतिविम्बित गराउन 'स्वास्थ्य सबै नीतिहरुमा' स्थापित गरिने छ।

९ परिवार स्वास्थ्य लागायत यौन तथा प्रजनन् स्वास्थ्यलाई एकिकृत सेवाको रुपमा कार्यन्वयन गर्न प्रत्येक स्वास्थ्य संस्थामा नर्स हरु परिचालन गरी कार्यक्रम सञ्चालन गरिने छ।

१० युवा तथा किशोरी मैत्री स्वास्थ्य सेवाको अवधारणलाई सम्पूर्ण स्वास्थ्य सेवा प्रदायक संस्थाहरुमा समावेश गरी विद्यालय स्वास्थ्य कार्यक्रमसँग सामायोजन गराइने छ।

११ प्रजनन् स्वास्थ्यसँग सम्बन्धित हरेक पक्षको उत्थान, समस्या समाधान, सेवा विस्तार र गुणस्तरता अनुगमन अभियानलाई अगाडी बढाउन उपाध्यक्ष महिला स-शक्तिकरण कार्यक्रम मार्फत सम्बोधन गरिने छ।

१२ अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएको १० महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत, बर्षे जनयुद्ध, सबै जनआन्दोलन र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिद परिवार, द्वन्द्व पीडित र घाइतेहरुको संविधान प्रदत्त अधिकार स्वास्थ्य सेवामा प्रत्याभूत गरिनेछ। सबै लिङ्ग क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्न शारीरिक र मानसिक रुपले अशक्तहरुलाई प्राथमिकताका साथ स्वास्थ्य सेवा सुनिश्चित गरिने छ।

१३ उपचार सेवालाई व्यवस्थित बनाउन समुदायका स्वास्थ्य संस्थादेखि अति विशिष्ट सेवा प्रदायक संस्थाहरु सम्म प्रभावकारी दोहोरो प्रेषण प्रणालीको व्यवस्था गरिनेछ।

१४ आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराइने र यसका लागि सरकारी (संघीय, प्रदेश र स्थानीय) लगायतका विभिन्न स्रोतबाट वित्तीय व्यवस्थापन गर्न स्थानीय सरकार (गाउँपालिका) बाट न्युन्तम १० प्रतिशत स्वास्थ्य क्षेत्रमा बजेट विनियोजन गर्ने गरेकोमा यसलाई बृद्धि गरी १५ प्रतिशत पुर्याइने छ।

१५ स्थानीय तहमा कम्तिमा १५ सैयाको रामारोशन अस्पताल स्थापना कार्य प्रराम्भ गरिने छ। यसको लागि संघ र प्रदेश सरकार संघ समन्वय गरीने छ।

१६ गाउँपालिकाका सबै जनताको समयमै रोग निदानको लागि स्वास्थ्य संस्था स्तरमा प्रयोगशाला र एक्सरे सेवालाई विस्तार गरिने छ।

१७ लैङ्गिक हिंसा पीडितहरुको उपचार मनोसामाजिक परामर्शको व्यवस्थापन तथा प्रेषण प्रणालीको व्यवस्थापन गरीने छ।

१८ एक द्वार संकट व्यवस्थापन केन्द्रमा प्रेषणको व्यवस्था गरिने छ।

१९ संविधानको मर्म अनुसार बालबालिकाको अधिकार सुनिश्चत गर्न गुणस्तरीय खोप सेवा तथा पूर्ण खोप सुनिश्चितता गर्न बाह्यय खोप केन्द्र भवन निर्माणमा जोड दिइने छ।

२० यौन रोग तथा एच.आई.भी. एड्स लाई व्यवस्थापन गर्न ART वितरण केन्द्र स्थापना तथा सूचीकृत गर्न जोड दिइने छ। साथै सुरक्षित गर्भपतन सेवा शान्तडा र भाटाकाटिया स्वास्थ्य संस्थामा निरन्तरता र व्यथ्यित गरिनेछ।

२१ पूर्ण संस्थागत सुत्केरी (Zero Home Delivery) कार्यक्रम सम्पूर्ण वडाहरुमा लागु गरी स्वास्थ्य संस्थामा गर्भ जाँच गराउन आउने महिलालाई पालिका स्तरबाट निःशुल्क भिडियो एक्सरे र सबै स्वास्थ्य संस्थामा 'सुत्केरी कक्ष को मर्मत सम्मार गर्नुको साथै आवश गृह' व्यवस्थापन गरिने छ।

२२ गाउँपालिकालाई पूर्णपोषणयुक्त गाउँपालिका घोषणको लागि बहुक्षेत्रीय पोषण योजना कार्यक्रम मार्फत सम्बोधन गरिनेछ।

२३ जेष्ठ नागरिकसंग सम्बन्धित सेवा, सवालहरु, नसर्ने रोगहरुको पहिचान र उपचार, अखाद्य बस्तुको कडा नियमन, मदिरा र सुर्तीजन्य पद्धार्थको नियमन तथा कारबाही आदि जस्ता अभिभावकत्व सँग सम्बन्धित गतिविधिहरु सरकार प्रमुख सँग अभिभावक कार्यक्रम सञ्चालन गरी सम्बोधन गरिने छ।

२४ स्वास्थ्य संस्थाहरुको सरसफाई स्वच्छता कायम गर्नका लागि अध्यक्ष सरसफाई तथा स्वच्छता कार्यक्रमबाट सम्बोधन गरिने छ।

२५ शुन्य होम डेलिभरी कार्यक्रम र आमा समुहमा जनचेतना जगाउन सेवारत सामुदायिक स्वास्थ्य स्वयंसेवीकालाई प्रोत्साहन स्वरुप वजेटको व्यवस्थापन गरीएको छ।

२६ सामुदायिक स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइने छ।

२७ जोखिममा रहेका गर्भवती तथा सुत्केरीलाई जीवन रक्षाका निम्ति र ८० बर्ष माथिका जेष्ठ नागरिकलाई जिल्ला भित्र निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ।

२८ वयलपाटा अस्पताललाई अनुदान रकम उपलब्ध गराइने छ।

२९ विपन्न नागरिक उपचार निर्देशिकालाई कार्यान्वयनमा ल्याइनेछ।

**<u>ख) बहुक्षेत्रीय पोषण योजनाः</u>**

१. आगामि ४ बर्ष भित्र पालिकालाई पोषणयुक्त पालिकाको रुपमा सुनिश्चतता र घोषणा गर्न कार्यक्रमहरु संचालन गरिनेछ।

२. "एक घर एक करेसाबारी बाह्रै महिना हरियो तरकारी" अभियान संचालन गरिनेछ।

३. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषणमैत्री स्थानीय शासन (NFLG)अवलम्बन गर्न पोषण मैत्री वार्ड घोषणका लागि विशेष अभियान सञ्चालन गरि वडा घोषणा अभियानलाई विशेष प्राथमिकतामा राखि कार्य गरिनेछ। यसै आर्थिक बर्षमा वडा नं.२ वडालाई पोषण मैत्री वडा घोषणा गरिने छ।

४. यस रामारोशन गाउपालिका अन्तर्गतका सम्पूर्ण गर्भवती आमाहरुलाई उपाध्यक्ष कोशेली कार्यक्रमलाइ निरन्तरता दिइने छ।

५. महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहु क्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस रामारोशन गाउँपालिका अछामले उच्च

प्राथमिकतामा रख्ने छ। सोही अनुरुप आ.ब. २०८१।०८२ का लागि नेपाल सरकारबाट प्राप्त हुने रकम र यस गाउँपालिकाले छुट्याइको समपुरक रकम समेतलाई क्षेत्रगत विनियोजन गरी पोषण सुधारका लागि तोकिएको क्रियाकलापमा खर्च गरिनेछ।

६. बहु-क्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तिको लागि विषयगत शाखा साझेदार निकायहरु सँग मिलेर पोषण लक्षित र संवेदनशिल क्रियाकलापहरु सञ्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तै बाल पोषण अनुदान खोप कार्यक्रम , बाल मैत्री स्थानिय शासनमा समेत बहुक्षेत्रिय पोषण योजनालाई समेत समाबेश गर्दै लगिनेछ।

७. बहुक्षेत्रीय पोषण योजना दोस्रो कार्यन्वयन सम्बन्धी राष्ट्रिय योजना आयोगको निर्देशिका २०७४ ले तोके अनुसार पोषण तथा खाद्य सुरक्षा समिति सबै वडाहरुमा गठन गरि बहुक्षेत्रीय पोषण योजनालाई मुल प्रबाहीकरण गरिने छ।

८. पोषण लक्षित अनुगमन तथा मूल्याङ्कनको प्रारुप सहित स्थानीय योजना प्रक्रिया र योजनाहरुमा पोषणलाई समहित गरिनेछ।

९. हालै सम्पन्न विश्वव्यापी एवम् नेपालको प्रमाण पत्र समिक्षा भएको आधारमा आमाहरुमा कुपोषण र बालबालिकाहरुमा पुड्कोपनको प्रवृतीमा कमी ल्याउन हाल उपलब्ध गराउँदै आएको बाल नगद अनुदानका साथै बच्चा जन्मेको ३५ दिन भित्र  जन्म दर्ता  गराएमा मात्र वाल पोषण भता  वितरण गरीने व्यवस्था गरीने छ।

१०. सबै क्षेत्रमा बुहक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यन्वयन तथा अनुगमन सुशासन र पारदर्शिताको सुनिश्चित्ता गरिनेछ।

**ग) खानेपानि तथा सरसफाई तर्फः**

१. रामारोशन गाउँपालिकाका सात वटै वडाहरुका जनताहरुलाई **पानी नै जीवन हो** भन्ने मुल मन्त्रका साथ आधारभूत  स्तरको खानेपानी सेवा उपलब्ध गराईने  छ।

२. रामारोशन गाउँपालिका सात वटै वडाहरुमा स्वच्छ खानेपानी सेवा प्रवाहका लागि खानेपानी योजनाको मुहान देखि चुहान सम्मको पानी परीक्षण गरिने  र स्वच्छ खानेपानी  सेवा उपलब्ध गराईने छ।

३. नेपाल सरकारले लिएको दीगो विकास लक्ष्य पुरा गर्न रामारोशन गाउँपालिका भित्रका सम्पूर्ण वडा टोल समुदाय तथा योजना क्षेत्र हरुमा पूर्ण सरसफाई का सम्पूर्ण क्रियाकलाप सँचालन गरी जनताको  आधारभूत जनस्वास्थ्य मा परिर्वतन गरिने छ।

४. ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको सकारात्मक कार्य संस्कृति र खानेपानी, सरसफाई तथा स्वच्छता संग सम्बन्धित क्रियाकलाप अगाडी बढाउन वास युनिटलाई प्रभावकारी रुपमा सन्चालनमा ल्याइनेछ

५. खानेपानी, सरसफाई तथा स्वच्छतालाई जनताको अधिकारको रुपमा स्थापित गरिनेछ।

**घ) महिला बालबालिका तथा सामाजिक समावेशिकरण तर्फः**

१. महिलालाई सशक्तिकरण गरी जीविकोपार्जन सुधार र आत्मनिर्भर बनाउन उपाध्यक्ष महिला स-शक्तिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। लैङ्गिक समानता र महिला स-शक्तिकरणको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२. हिंसापीडित महिलालाई तत्काल राहत तथा संरक्षणका लागि लैङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिइनेछ।

३. जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति र अभिभावकविहिन बालबालिका लक्षित कार्यक्रम संचालन गरिनेछ।

४. महिला तथा किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र शोषणअन्त्य गर्नका लागी लैङ्गिक हिंसा न्युनिकरणमा न्यायिक समितिको क्षमता अभिबृद्धि गर्दै लैङ्गिक हिंसाप्रति शुन्य सहनशिलताको नीति लिइनेछ।

५. विपन्न एकल महिला तथा एकल पुरुष लक्षित कार्यक्रममा जोड दिइनेछ, साथै महिला केन्द्रित सीपमुलक कार्यक्रमलाई जोड दिइनेछ।

६. जीविकोपार्जन तथा स-शक्तिकरणका विभिन्न क्रियाकलाप संलग्न हुन महिला समुह गठन तथा परिचालन गर्न महिला लक्षित कार्यक्रम संचालन गरिनेछ।

७. दलित समुदायका परम्परागत पेशालाई व्यावसायिकरण गरिनुका साथै जातीय छुवाछुत लगायत सबै खाले विभेदिकरणको अन्त्यका लागि विशेष कार्यक्रम संचालन गरिनेछ।

८. बाल अधिकार समिति गठन, बालक्लव गठन, संचालन र नियमन गरि बालबालिकाको हकहित तथा संरक्षणको पक्षमा कार्य गर्ने नीति अवलम्बन गरिनेछ।

९. अनाथ, असहाय, टुहुरा, अपाङ्गगता भएका हिंसा पीडित तथा सडक बालबालिकाको उद्धार, संरक्षण र पुनःस्थापनाको लागि बाल संरक्षण कोष स्थापना गरिनेछ।

१०. गरिब तथा विपन्न, दलित, आदिवासी जनजाती, एकल तथा अपाङगता भएका, हिंसा पीडित, एच.आइ.भी. संक्रमित र पिछडिएका समुदायका महिला र किशोरीको आय आर्जन क्षमता विकास र स शक्तीकरण गर्ने गरी आर्थिक तथा सामाजिक विकासका कार्यक्रम संचालन गरिनेछ।

११. आदिवासी जनजाती समुदायको भाषा र मौलिक कला-संस्कृतिको जगेर्ना गर्न विशेष कार्यक्रम संचालन गरिनेछ।

१२. बालविवाह, लैङ्गिक हिंसा, समाजिक कुरीति, छाउपडी बोक्सी लगायत अन्धविश्वास विरुद्ध जागरण अभियान संचालन गरिनेछ।

१३. लागुपदार्थ दुर्व्यसनी, घरेलु हिंसा, मानव बेचविखन तथा ओसारपसार रूढीवादी अन्धविश्वास, कु-संस्कार र कु-प्रथाहरू जस्ता गतिविधिको नियन्त्रण तथा जोखिम न्यूनिकरण गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

१४. किशोरीहरुको भविष्य छनौट तथा सकारात्मक सोच र आत्मरक्षा सम्बन्धी किशोर किशोरी लक्षित कार्यक्रम संचालनमा जोड दिइनेछ।

१५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेट परीक्षण गरि सोही अनुसार योजना तथा कार्यक्रम गरिनेछ।

१६. ४० बर्ष उमेर नाघेका आर्थिक सामाजिक रुपले विपन्न नागरिकहरुको जीविकोपार्जनमा सहयोग पु-याउने कार्यक्रम संचालन गरिनेछ।

१७. घरेलु हिंसा न्यूनिकरणसंगै सामाजिक रूपमा अझै कायम रहेको कु-संस्कार, विभिन्न खाले कुप्रथा विरूद्ध महिलाहरूलाइ सचेत, क्षमतावान, आत्मनिर्भर बनाउन कार्यक्रमहरू संचालन गरिनेछ।

१८. महिलाहरूको सीप बिकास र स्वालम्वी बनाउन विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ।

१९. महिलाहरूको नेतृत्वदायी क्षमता बृद्धिका लागि विशेष कार्यक्रमहरू संचालन गरिनेछ।

२०. द्वन्द्व पीडित विशेष कार्यक्रम अन्तर्गत सहिद परिवारहरूलाई लक्षित गरि छुट्टै कार्यक्रम संचालन गरिनेछ।

२१. जनयुद्ध तथा जनआन्दोलनका घाइतेहरूको आय-आर्जनमा सहयोग पुग्ने गरि विभिन्न कार्यक्रम संचालन गरिनेछ।

२२. दलित सचेतना, स-शक्तिकरण तथा विकास कार्यक्रमका लागि पालिका स्तरीय दलित समिति गठन गरिनेछ।

२३. दलित सम्बन्धि बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## ङ) शिक्षा युवा तथा खेलकुद तर्फः

१. गुणस्तरीय शिक्षाको लागि शिक्षण संस्था छान्नु पर्ने स्थितीको अन्त्यको लागि सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ र उपयुक्त शैक्षिक वातावरण निर्माणका लागि विद्यालयमा विद्यमान असमानता न्यूनीकरणका लागि आवश्यक व्यवस्था गरिनेछ।

२. विद्यालय शैक्षिक गुणस्तर सुधारका लागि अध्यक्ष, वडा अध्यक्ष, वि.व्य.स अध्यक्ष, शिक्षा शाखा प्रमुख र प्र.अ. बीच सम्झौता पत्र बनाई सोहि अनुरुप अध्यक्ष शैक्षिक रुपान्तरण कार्यक्रम संञ्चालन गरी शैक्षिक गुणस्तर कायम गरिनेछ।

३. सामुदायिक विद्यालयलाई कर्कटपाता मुक्त गर्न पहल गरिने छ।

४. सबै विद्यालयहरुमा डिजिटल प्रविधिबाट पठन पाठन गर्ने नीति लिईनेछ।

५. शिक्षक, बालविकास शिक्षक र विद्यालय कर्मचारीहरुको लागि पेशागत सीप विकासका तालिम सञ्चालन गरिने छ।

६. विद्यालय शिक्षाको आधारभूत तहको लागि स्थानीय परिवेशमा आधारित सीप कला प्रविधि कृषि पेशा व्यवसाय आदि सँग सम्बन्धित गरेर स्थानीय मातृभाषाको पाठ्यपुस्तक निर्माण गरी लागु गरिनेछ।

७. प्राविधिक एंवम व्यावसायिक शिक्षाको माध्यमबाट सीपयुक्त जनशक्तिको विकासका लागि प्राविधिक विद्यालयलाइ दिइने अनुदानलाइ निरन्तरता दिइनेछ।

८. पेसागत रुपले दक्ष, स्वप्रेरित, उत्तरदायी शिक्षकसँग विद्यार्थीले सिक्न पाउने हक सबै शैक्षिक संस्थामा सुनिश्चित गरिनेछ।

९. शिक्षकका सेवा तथा सुविधामा असमानता भएकाले संघ, प्रदेश र स्थानीय तहका दरबन्दीमा कार्यरत शिक्षक कर्मचारीहरुको सेवा सुविधामा समानता कायमको लागि पहल गरिनेछ।

१०. प्राविधिक एंवम व्यावसायिक शिक्षाको माध्यमबाट सीपयुक्त जनशक्तिको विकास हुनेछ । उत्पादित जनशक्तिको ७०% भन्दा बढी प्राविधिक व्यासायिक सीप सहितको तत्काल रोजगार बन्न सक्ने जनशक्ति हुनेछ।

११. परिभाषित गुणस्तरको न्यनतम मापदण्ड अनुसारको शैक्षिक पूर्वाधार सहित सिकाइ वातावरण सिर्जना गरिनेछ । प्रत्येक मा.वि. मा बुक कर्नर, पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT ल्याव व्यवस्थापन तथ सिकाइको लागि न्यूनतम सर्त पुरा गरिनेछ।

१२. अनौपचारिक तथा खुला दुर शिक्षा र विशेष शिक्षालाइ सु-व्यवस्थित गरिनेछ। परम्परागत सीप र शिक्षालाइ अनौपचारिक एंवम वैकल्पिक शिक्षाको रुपमा विकास गरिने छ।

१३. रामारोशन गाउँपालिकामा उच्च शिक्षा सञ्चालनको लागि सम्बन्धित निकायमा पहल गरी गाउँपालिका भित्र उच्च शिक्षा सञ्चालन गरिने छ र सबैको सहज पहुँच र सहभागिता सुनिश्चित गरिनेछ निश्चित मापदण्का आधारमा अध्ययनको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।

१४. शिक्षण सिकाइको प्रभावकारिताका लागि प्रधानाध्यापकको सबल नेतृत्व हुने गरी स्थापित गरिनेछ। प्रधानाध्यापक शिक्षक कर्मचारीको जवाफदेही स्पष्ट हुनेगरी कार्यसम्पादन करार गरिनेछ र उत्कृष्ठ शिक्षक ,विद्यार्थी, अभिभावक, वि.व्य.स. पदाधिकारी,टुहुरा, जनजाती र दलित बालबालिकालाई पुरस्कारको व्यवस्था गरिने छ।

१५. नक्साङ्कन, विद्यार्थी शिक्षक अनुपातको आधारमा विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान गरिनेछ।

१६. मेघा विद्यालको स्थापना सम्बन्धी सम्भाव्यता अध्ययन गरिनेछ।

१७. अनुगमन तथा नियमन विज्ञ संलग्न समुहबाट विषयगत सुपरिवेक्षण र पृष्ठपोषणलाइ प्रभावाकरी एंवम परिणाममुखी बनाइनेछ। शिक्षण सिकाइमा सहजीकरण र पुनर्ताजकीकरण र निरन्तरता दिइनेछ।

१८. स्थानीय बजेटको क्रमशः वृद्धि गर्दै न्यूनतम ३०% शिक्षा क्षेत्रको लागि बजेट विनियोजित गरिनेछ।

१९.स्थानीय शिक्षा कोषको व्यवस्था गरी कोष परिचालनको कार्यविधि निर्माण गरिनेछ।

२०.स्थानीय पाठ्यक्रम/पाठ्यपुस्तक स्थानीय दरबन्दी, गुणस्तर विकास, संस्थागत क्षमता अभिवृद्धि, शिक्षक तालिम सुपरीवेक्षण लगायतका क्षेत्रमा कोषको समुचित विकास गरी प्रयोग गरिने छ।

२१.कक्षा १-९ वार्षिक परीक्षा गा.पा. स्तरीय हुने छ। आधारभूत तह कक्षा ८ को अन्त्यमा स्तरीकृत परीक्षा प्रणालीको व्यवस्था गरिनेछ ।

२२.प्रत्येक विद्यालयमा शुद्ध पिउने पानी, उपयुक्त शौचालय, हरियाली बगैँचा, खेलकुद, स्वस्थ वातावरण निर्माण गर्ने व्यवस्था मिलाइनेछ।

२३.विद्यालय हातामा जंकफुड लगायतका स्वास्थ्यलाई हानी गर्ने वस्तुको प्रयोगमा रोक लगाइनेछ।

२४.पुस्तकालय, वाचनालय तथा सामुदायिक सिकाइ केन्द्रको निरन्तर स्तरोन्नती गरिनेछ।

२५.शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग तथा व्यवस्थापन प्रणालीको प्रभावकारी प्रयोग गरिने छ।

२६.शैक्षिक क्षेत्रलाइ शान्ति क्षेत्रको रुपमा सर्व स्वीकार्य गराइनेछ।

२७.स्थानीय स्तरमा उत्पादित खाद्यवस्तुलाई विद्यालय दिवाखाजाको रुपमा प्रयोग गरी विद्यालय दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गरिनेछ र उक्त दिवा खाजा कार्यक्रमलाई मध्येनजर गर्दै रामारोशन गा.पा. का प्रत्येक विद्यालयहरुमा एक विद्यालय एक करेसाबारी कार्यक्रम लागु गरिने छ।

२८. विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि वि.व्य.स. पदाधिकारी र अभिभावक प्रशिक्षण कार्यक्रम सञ्चालन गरि एक वडा एक नमूना विद्यालय स्थापनाको अवधारणा यसै आवमा कार्यान्वयन गरिने छ।

२९.पालिका भित्रका खेलाडी प्रतिभा पहिचान गरि प्रस्फुटन गर्ने नीति लिइनेछ र छात्रा भलिबल लगाएतका अन्य खेलकुद कार्यक्रमहरु अध्यक्ष कप खेलकुद प्रतियोगिता मार्फत गरिने छ।

३०. विभिन्न प्रकारका विपद्का कारण विद्यालयमा भएको आंशिक क्षति न्यूनिकारण तथा मर्मतका लागि वजेट विनियोजित गरिनेछ।

३१.पालिका स्तरमा क्रिकेट, ब्याडमिन्टन र फुटबल खेलको लागि आवश्यक बजेटको व्यवस्था मिलाईने छ।

**च) सामाजिक सुरक्षा तथा पंजिकरण तर्फः**

१. सामाजिक सुरक्षा सम्बन्धी प्रचलित कानुन मापदण्ड नियमन गर्ने नीति अवलम्बन गरिने छ।
२. संघ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड वमोजिम सुरक्षा भत्ता सम्वन्धी कार्यक्रम कार्यन्वयन गर्ने नीति अवलम्वन गरिने छ।
३. स्थानीय सामाजिक सुरक्षा र व्यवस्थापन तथा आवश्यक तथ्याङ्क संकलन एवं व्यवस्थापन गरिने छ।
४. सामाजिक सुरक्षा भत्ता सेवाग्राहिहरुलाई सजह वनाउन नविल वैङ्कको सहकार्यमा वडामै वितरण गरिने व्यवस्था गरिने छ।
५. सामाजिक सुरक्षा भत्ता प्रत्येक त्रैमासिकमा गाउँपालिकावाट गइरहेको तर वैङ्कवाट वितरण गर्न कठिनाई भई दुईटा त्रैमासिकको एकचोटी वितरण भइरहेकाले नविल वैङ्कको सहकार्यमा प्रत्येक त्रैमासिकरुपमा वितरण गरिने छ।
६. सामाजिक सुरक्षा भत्ता सम्वन्धि अनुगमन तथा निरीक्षण गरि कोही नदोहोरिउन कोही, नछुटन भन्ने उदेश्यका साथ पारदर्शी र व्यवस्थित वनाईने छ।
७. सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता सम्वन्धि, गाउँपालिकामा एउटा र प्रत्येक वडामा एक-एक वटा गुनासो पेटिका राखेर त्रैमासिक रुपमा गुनासो सुनुवाई गरिने छ।
८. प्रत्येक वडामा इन्टरनेटलाई व्यवस्थित गरि व्यक्तिगत घटना दर्ता गर्न आउने सेवाग्राहीहरुलाई छिटो र छरितो सेवा प्रवाह गरिने छ।
९. सामाजिक सुरक्षा भत्ता पारदर्शी बनाउन विभागले निर्देशन गरेको वायोमेट्रिक भेरिफिकेसन गर्ने मेसिन प्रत्येक वडामा लागु गरिनेछ।

१०. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धीको लागि तालिमको व्यस्थापन गरिने छ।

## ३.आर्थिक विकास तर्फ:

१. तुलानात्मक लाभ दिन सक्ने स्थानीय बालीनाली र आधारभुत खाद्य वस्तुको उत्पादनमा आत्मनिर्भरता हुन सक्ने कार्यक्रमहरु सञ्चालन गरिने छ।

२. व्यावसायिक कृषिमा जन सहभागिता बढाउन व्यायवासायिक कृषि संचालनमा रहेका क्षेत्रहरुमा कृषि भ्रमणको व्यवस्था मिलाइने छ।

३. कृषि पेशालाइ सम्मानित प्रतिस्पर्धी र व्यवसायिक बनाइने छ ।

४. प्राङ्गारिक कृषि प्राणाली अवलम्बन गर्न बिशेष जोड दिइने छ।

५. कृषि उपज संङ्कलन केन्द्र र हाटबजार स्थापना गरिने छ।

६. कृषि प्रसारका कार्यक्रमलाई थप प्रभावकारी बनाउन कृषक तालिमको व्यवस्था मिलाईने छ।

७. लोपउन्मुख स्थानीय बाली, जडिबुटीको जात संरक्षरका कार्यक्रमलाई अगाडी बढाईने छ।

८. कृषि पेशालाई सम्मानजनक पेशामा रुपान्तरण गर्न किसान सम्मान कार्यक्रम अगाडि बढाईने छ।

९. सम्भावनाको अध्ययन गरी एक वडा एक उत्पादन कार्यक्रम प्रारम्भ गरिने छ।

१०. उच्च मुल्य कृषि वस्तु उत्पादनलाइ विशेष प्राथमिकता दिइने छ।

११. कृषि बाली उत्पादन क्षेत्रमा सिँचाइको व्यवस्था गरिने छ।

१२. खाद्यान्न बालीका वीउ वितरणमा अनुदानमा सहुलियत प्रदान गरिने छ।

१३. स्थानीय उत्पादनलाई प्रशोधन र रोजगारी सिर्जना गर्न उद्योग ग्राम स्थापनाका लागि आवश्यक पहल गरिनेछ र स्थानीय कृषिलाई आधुनिकीकरण गरी उत्पादित वस्तुको संरक्षणका लागि चिस्यान केन्द्र स्थापना गर्न पहल गरिनेछ।

१४. औषधीजन्य बिरुवाको उत्पादन बढाउने र बजारीकरणमा सहयोग पु-याइनेछ।

१५. पर्यटकीय क्षेत्रको पुर्वाधार विकास संगै वृहत विकास तथा व्यवस्थापनको लागि चाडपर्वका मेलालाई पर्यटन मेलाको रुपमा प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ।

१६. पर्यटकीय क्षेत्रमा वृक्षारोपण गरिने छ जस्तैः (फुलहरु, सजावटका विरुवाहरु)

१७. पर्यटन क्षेत्र अर्थात रामारोशन क्षेत्रको विकासलाइ लक्षित गरि पर्यटन फास्ट ट्र्याक निर्माण गरिनेछ।

१८. दुग्ध जन्य पदार्थलाई आत्मनिर्भर बनाउन तथा रोजगार सिर्जना गर्न एक घर एक भैसी कार्यक्रमलाई अगाडी बढाइने छ।

१९. मासु आत्म निर्भर बनाउने उद्देश्यले पालिका भरिका वडामा ठाउको अवस्था हेरी बाख्रापालन तथा कुखुरा पालन, भेडा पालन,बङ्गुर पालन कार्यक्रमलाई जोड दिइनेछ।

२०. पशुपन्छीमा लाग्ने रोग तथा परजीवि उपचारका लागि औषधि वितरण गरिने छ।

२१. अनुदानका कार्यक्रमलाई प्रथामिकता दिईने छ।

२२. वडागत रुपमा पशु पन्छी शिविर सञ्चालन गरिने छ।

२३. भेडा बाख्रामा लाग्ने P.P.R. रोग विरुद्धको खोप लगाईने छ।

२४. पशुपन्छी सम्बन्धि तालिम सञ्चालन गरिने छ।

२५. पशुपन्छी विमा लागु गरिने छ।

२६. समुदायमा रहेका गरीब तथा विपन्न वर्गका एकल महिला, आदिवासी जनजाति,दलित,अपाङ्ग, स्वदेश तथा विदेशबाट रोजगारी गुमाएका वेरोजगार युवा र पछाडी परेका घर परिवारहरुको घरधुरी सर्वेक्षण गरेर उनीहरुको सामाजिक तथा आर्थिक अवस्था हेरेर सम्भाव्य व्यक्तिलाई लघु उद्यमी बनाउन छनौट गर्ने।

२७. उद्यमी सिर्जना गर्न सामाजिक परिचालन गर्न उद्यमशिलता तालिम दिने, प्राविधिक सीप विकास तालिम दिने,लघु वित्तमा पहुँच गर्ने,उपयुक्त प्रविधिमा पहुँच गर्ने,बस्तु र सेवा बजारीकरण तथा व्यवसाय परामर्श दिइनेछ ।

२८. छनौट गरिएका व्यक्तिलाई उद्यमशिलताका माध्यमबाट उनीहरुलाई लघु उद्यम व्यवसायमा आवद्ध गराई नयाँ लघु उद्यमि सिर्जना गर्ने ।

२९. स्थानीय स्तरमा उपलब्ध स्रोत साधनहरुको आधारमा व्यावसाय छनौट गरी लघु उद्यमीहरुलाई व्यवसायिकरण गरि रोजगारीको अवसर सिर्जना गर्ने ।

३०. लघु उद्यमीले उत्पादन गरेको वस्तु बजारीकण र वित्तिय सेवामा पहुँच सम्बन्धी जोड दिने ।

३१. नयाँ तथा पुराना सिर्जना गरेका लघु उधमीहरुलाई व्यवसाय दर्ता गर्नमा सहयोग गर्ने ।

३२. देशको वर्तमान खस्किदो आर्थिक अवस्थालाई मजबुत बनाउन यस रामारोशन गाउँपालिका भित्र रहेका कच्चापदार्थ जस्तैः- अल्लो प्रसोधन गर्ने, सिस्नो प्रसोधन गर्ने, नेपाली कागज उत्पादन गर्ने,कोदोको पापड र बिस्कुट बनाउने, मकै बाट भिविन्न प्रकारका खानेकुरा उत्पादन गर्ने, भटमास र बदामबाट दाल्मोट उत्पादन गर्ने, बाँस निगालोका सामाग्री उत्पादन गर्ने, वनमा खेरगएका काठबाट फर्निचरका सामाग्री उत्पादन गर्ने, खालिजमिनमा स्याउ, ओखर, किबि, अङगुर, केरा, आँपर सुन्तला रोप्ने, नयाँ प्रविधिमा र स्थानीय कच्चापदार्थमा आधारित नयाँ/नयाँ सीपमुलक तालिमहरु प्रदान गरिनेछ ।

३३. कृषि उपजहरुको बजारीकरणका लागि कृषि एम्बुलेन्स संचालनमा ल्याईनेछ ।

३४. रोजगारीका वर्तमान सेवा र सुविधा प्रणालीमा विकास तथा विस्तार गरी लक्षित वर्गको रोजगारीमा पहुँच अभिबृद्धि गराईने छ ।

३५. अल्पकालीन रोजगारीका अवसरहरुको सिर्जना गरिने छ ।

३६. व्यवसायिक कृषि, सिचाई, खानेपानी, नदी नियन्त्रण, वन, पर्यटन, यातायात पुर्वाधार लगायतका सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक कार्यहरुमा सहकार्य र समन्वय गरी एकिकृत रुपमा थप आन्तरिक रोजगारी सिर्जना गरिने छ ।

३७. सबै नागरिकलाई न्यूनतम रोनगारीको प्रत्याभुती गरी मौलिक हकका रुपमा रहेको रोजगारीको हकको कार्यान्वयन गरिने छ ।

३८. आन्तरिक रोजगारी र उद्यमशिलताको प्रवर्द्धन गरी वैदेशिक रोजगारीको बढ्दो निर्भरतालाई कम गरिने छ ।

३९. स्थानीय स्तरमा विकास निर्माण कार्य मार्फत सार्वजनिक पुंजी निर्माण गरी स्थानिय जनताको जिवनस्तर सुधार गरिने छ ।

४०. रोजगारी सिर्जनाका लागि अन्तर क्षेत्रगत अन्तर तहगत समन्वय गरिने छ ।

४१. प्रत्येक वडामा विकास निर्माणका कार्यहरुमा साझेदारि गरि थप जनशक्तिलाई रोजगारि दिइनेछ ।

४२. स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माणका कार्यहरमा सम्भव भएसम्म श्रममुलक प्रविधिको प्रयोग गरिने छ ।

४३. सीपमुलक तालिम मार्फत बजारको माग अनुरुपको श्रमशक्तिको विकास र आपुर्ति गरिने छ ।

४४. रोजगारी सिर्जनामा सरकारी, निजी, सहकारी, गैरसरकारी तथा सामुदायिक क्षेत्रहरु बीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गराईने छ ।

४५. प्रधामन्त्री रोजगार कार्यक्रमलाई थप सुदृढीकरण गरिनेछ ।

४६. आन्तरिक रोजगारी सिर्जना सम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारिका नयाँ क्षेत्रहरुको पहिचान गरिने छ ।

४७. अध्यक्ष युवा रोजगार कार्यक्रम संञ्चालन गरिने छ ।

४८. गाउँपालिका रोजगार रणनीति निर्माण गरिनेछ ।

## ४.भौतिक पूर्वाधार तर्फः

१. सडकको दीगो विकास र व्यवस्थापनको लागि गाउँपालिकाको रणनीतिक सडक गुरुयोजना (RMTMP) तयार गरि सडक बिस्तार एवं स्तरोन्नतीको थालनी गरिनेछ । यस आ.व. मा हरेक वडा कार्यालय जोड्ने सडकलाई स्तरोन्नती गरिनेछ ।

२. राष्ट्रिय भवन संहिताको पालना गरि स्थानीय भवन मापदण्ड बनाई गाउँपालिका भित्र निर्माण हुने हरेक आवासीय संरचनाहरुको नक्सा पास अनिवार्य गर्नुपर्ने व्यवस्था मिलाईने छ । साथै विद्युतीय नक्सा प्रणालीको जडान गरि घरजग्गा वा नक्सापास प्रणालीलाई व्यवस्थित गरिनेछ ।

३. प्रत्येक वडा कार्यालय सम्मको सडक लाई स्तरोन्नती गरिनेछ ।

४. स्थानीय तहको प्रशासकीय पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि २०८१ अनुमोदन गरि यसै आ.व.मा प्रशासकीय भवन निर्माणको थालनी गरिनेछ ।

५. जोखिम संवेदनशील भू-उपयोग योजना तयार गरि जग्गा एकीकरण वा जग्गा विकास वा सम्पदा संरक्षण योजना कार्यान्वयन गरिनेछ ।

६. भौतिक पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारी नीति तर्जुमा गरि विकासका योजनाहरु साझेदारीमा संचालन एवं कार्यान्वयन गरिनेछ ।

७. बालमैत्री र अपाङ्ग मैत्री नीति कार्यन्वयनमा ल्याई बालमैत्री एवं अपाङ्ग मैत्री पुर्वाधारहरु निर्माण गरिने छ एवं बालमैत्री वडा तथा बालमैत्री पालिकाको घोषणा गरिने छ ।

८. गाउँपालिकामा संचालित आयोजनाहरुको कानून बमोजिम संक्षिप्त एवं प्रारम्भिक वातावरणीय प्रभाव मुल्यांकन (IEE) गरिने छ ।

९. निर्मित पूर्वाधारको उपयोग र दीगो व्यवस्थापनको लागि नीतिगत व्यवस्था सहित मर्मत सम्भार कोषको स्थापना गरि कार्यान्वयनमा लगिने छ ।

१०. रामारोशन गाउँपालिकामा भएको केन्द्रीय विधुत प्रशारण लाईनको बिस्तार र व्यवस्थापनमा जोड दिईने छ एवं बिद्युतबाट बन्चित आम नागरिक सम्म बिद्युतको पहुँच बिस्तार गरिने छ ।

११. रामारोशन गाउँपालिकामा संचालित सम्पूर्ण लघु जलविद्युतहरुको मर्मत सम्भार एवं दीगो व्यवस्थापन र मुजाबगरमा विद्युतीय सब-स्टेशन राख्न विद्युत प्राधिकरण समक्ष पहल गरिने छ ।

१२. विद्युतको पहुँच पु-याउन नसकिएका आम नागरिकलाई वैकल्पीक उर्जाको व्यवस्था समेत मिलाई अँध्यारो मुक्त गाउँपालिकाको घोषणा गरिने छ ।

१३. संचालनमा रहेका लघु जलबिधुतका मेनेजर तथा अपरेटरहरुलाई क्षमता अभिवृद्धि तालिम एवं हरेक वडा बाट कम्तिमा ३/३ जनालाई हाउस वायरिङ्ग एवं विद्युत मर्मत सम्बन्धि तालिम दिईने छ ।

१४. रामारोशन गाउँपालिकाको बजार क्षेत्र एवं रामारोशन पर्यटकीय क्षेत्रमा सडक बत्ति वा सौर्य बत्तिको जडान गरिने छ ।

१५. रामारोशन पर्यटकीय क्षेत्रमा गोरेटो बाटो अर्थात ट्रेकिंग रुट निर्माणलाई प्राथमिकता दिईनेछ । साथै रामारोशनमा घुम्न आउने पर्यटकहरुको व्यवस्थापनको लागि होम स्टे संचालनमा ल्याईने छ ।

१६. गाउँपालिकाको खानेपानी सम्बन्धि गुरुयोजना तयार गरि रामारोशन गाउँपालिका भित्र रहेका हरेक मुहानहरुको संरक्षण, सम्बर्द्धन र एकीकृत रुपमा खानेपानी सम्बन्धि संरचनाहरुको विस्तार एवं दीगो व्यवस्थापन गरि हरेक नागरिकलाई शुद्ध पिउने पानिको व्यवस्था मिलाईने छ ।

१७. स्वास्थ्य चौकीहरुको पूर्वाधार निर्माणमा विशेष जोड दिईने छ । नेपाल सरकारको 'एक स्थानीय तह, एक अस्पताल अन्तर्गतको १५सैयाको अस्पतालको सम्पूर्ण प्रक्रिया पुरा गरि निर्माण कार्यको थालनी गरिनेछ ।

१८. निर्माणाधीन वडा कार्यालयहरुको भवन सम्पन्न गरि भवन निर्माण गर्न बाँकी वडा कार्यालयहरुको भवन निर्माण गरिने छ ।

१९. सेवा प्रवाहलाई डिजिटल गर्न एकीकृत सूचना प्रणालीको विकास गरिने छ।

२०. लामो समय देखि अलपत्र आयोजनाहरुको स्वामित्व लिई निर्माण सम्पन्न गरिने छ।

२१. टोल विकास संस्थाको गठन गरी विकास निर्माणका आयोजनाहरुमा युवाहरुको सहभागितालाई सुनिश्चित गरिने छ।

२२. खेतीयोग्य जमिनमा सिंचाईको प्रबन्ध गरिने छ। खानेपानी एवं सिंचाईको लागि वाटर लिफ्टिङ्ग सहितको योजना संचालन गरिने छ।

२३. रामारोशन गाउपालिकामा बर्षेनी चट्याङपरि घाईते अपाङ्ग हुन नदिनका लागि विज्ञको सहयोगमा अर्थिङको व्यवस्था गरिने छ।

२४. रामारोशन गाउँपालिकामा रहेका लघु जल विद्युतलाई नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी एकिकृत गर्न लागि काम अघाडी बढाउन बैकल्पीक उर्जा प्रवर्द्धन केन्द्र र विद्युत केन्द्रीय कार्यालय सँग समन्वय गरिने छ।

२५. उर्जा नीति तयार गरि कार्यान्वयनमा ल्याइने छ।

२६. बिजुली बत्ति बाट टाढा रहेका केहि घर धुरीलाई यसै आ.व. मा समावेस गरीएको र बाँकी घरधुरीलाई सोलार मिनि ग्रिड र सोलार वितरण गर्न बैकल्पीक उर्जा प्रवर्द्धन केन्द्रसंग समन्वय गरी सोलारको व्यवस्था गरीने छ।

२७. रामारोशन गाउँपालिकामा बत्ति नियमित गर्नको लागि समान खरीद गरी स्टोर गर्ने व्यवस्था मिलाइने छ।

२८. कार्यालयको दैनिक सम्पादन हुने काम-काज छिटो छरितो र प्रभावकारी बनाउन प्रशासनिक कार्यालय र वडा कार्यालयहरुका लागि बिभिन्न सफ्टवेयर खरिद गरिनेछ।

२९. कार्यालयका सूचनाहरु जनता सम्म पु-याउन र सवैले हेन मिल्ने गरि डिजिटल वोर्डमा आधारित सूचना वोर्ड जडान गरिनेछ।

३०. धार्मिक तथा पर्यटकीय क्षेत्र रामारोशन देखि बडिमालिका सम्म धार्मिक-पर्यटकीय पैदल मार्गका लागि आवश्यक पहल गरिने छ।

३१. पर्यटन क्षेत्र जोडनका लागि रामारोशन-कालिकोट-रारा अन्तरप्रदेशीय सडक निर्माण गर्न जोड दिइनेछ।

३२. खेलकुद पूर्वाधारको विकासमा जोड दिइनेछ। एक वडा एक खेलमैदानको अवधारणालाई अवलम्बन गरी पालिकस्तरमा कबर्ड हल सहितको सुविधा सम्पन्न रंगशाला निर्माणका लागि पहल गरिनेछ।

## ५. वन वातावरण तथा विपद् व्यवस्थापन तर्फः "जीवनका लागि वातावरण"

### क) वातावरण संरक्षण तथा जलवायु परिवर्तनः

१. गाउँपालिकाले जलवायु अनुकूलन तथा विपद् व्यवस्थापनका क्रियाकलापलाई एकीकृत गरी व्यवस्थित रुपमा अभिलेख गरी जोखिम न्यूनीकरण तथा रोकथामका कार्यक्रमहरु सञ्चालन गरिने छ।

२. जलवायु परिवतर्नका असरबाट बच्नर रोकथामका लागि एकिकृत रुपमा जलवायु उर्जा तथा वातावरणीय कार्यक्रम(CEE) लाई निरन्तरता दिईने छ।

३. अछाम जिल्लाकै पहिलो गाउँपालिकाको रुपमा ईकोजोन कार्यक्रम अन्तर्गत रामारोशन गाउँपालिका र बैकल्पीक उर्जा बीच भएको कार्बन ब्यापार सम्झौतालाई अगाडी बढाई कार्बन ब्यापारका लागि कार्यक्रम व्यवस्थित रुपमा संचालन गरी पालिकाको आय श्रोतमा बृद्धि गरिने छ।

४. कार्बन ब्यापारका निम्ति चुला मर्मत तथा कर्मचारी परिचालनमा बजेट बिनियोजन गरिनेछ।

५. प्लास्टिकको झोलाको प्रयोगलाई न्यूनीकरण गर्दै यसको प्रयोगमा पुर्णरुपमा प्रतिबन्ध लगाईने छ।

### ख) विपद् व्यवस्थापनः

१. विपद् पूर्वतयारी, जोखिम आँकलन, जोखिम पूर्व चेतावनी विपद् प्रतिकार्यको तयारी तथा विपद् न्यूनीकरण र पुनःलार्भका क्रियाकलापहरूमा जोड दिंदै विपत न्युनीकरण कार्ययोजना बनाई सोहि अनुरुप कार्य गरिनेछ।
२. विपद् व्यवस्थापनमा पालिकामा सर्वेक्षण गरी विपत पोर्टलमा ईन्ट्रि गरी सूचना प्रविधिको प्रयोगलाई बढाउँदै लगिने छ।
३. हुनसक्ने बाढि पहिरो, आगलागी, बन डढेलो लगायतका घटना रोकथामका लागि एकिकृत रोकथाम तथा व्यवस्थापन योजना निर्माण गरी कार्यक्रम संचालन गरिने छ।
४. विपद् बाट हुने क्षतिको अनुगमन गरी उचित राहातको व्यवस्था मिलाईने छ।
५. विपद् ब्यवस्थापनका लागि विभिन्न सचेतनामुलक तालिम गोष्ठी संचालन गरिने छ।
६. एक द्वार विपद् व्यवस्थापन प्रणालीको विकास गरिने छ।

**ग) बन भुसंरक्षण तथा फोहोरमैला व्यवस्थापनः**

१. एक बयस्क व्यक्ति एक रुख भन्ने नारालाई मुर्त रुप दिनका लागि बृक्षारोपण कार्यक्रम संचालन गरिने छ।
२. प्रत्येक सार्वजनिक कार्यालयभित्र बृक्षारोपण गरिने छ।
३. नदि कटान तथा पहिरोलाई रोक्न प्रदेश सरकार,केन्द्र सरकार संग समन्वय गरी बृक्षारोपण, तार जाली तथा विशेष प्रकारको घाँस लगाईने छ।
४. गाउँपालिकाका बिभिन्न स्थानहरुमा फोहोर व्यवस्थापन तथा सरसफाई क्षेत्रको आवश्यकता पहिचान गरी फोहोर मैला ब्यवस्थापनका लगी डम्पिङसाईड र सार्वजनिक शौचालय निर्माणमा जोड दिईने छ।
५. पालिका भरि प्लास्टिक झोलाको प्रयोगलाई न्युनीकरण गर्दै यसको प्रयोगमा पूर्ण रुपमा प्रतिबन्ध लगाईने छ।
६. सडक निर्माण गर्दा समकको दुबै किनारामा वृक्षारोपण गर्ने ति लिईनेछ तथा Environment Management Plan-EMP बनाई कार्यान्वयनमा ल्याईने छ।
७. फोहोरमैला व्यवस्थापन सम्बन्धि नीतिगत व्यवस्था गरि कुहिने एवं नकुहिने फोहोरको एकीकृत व्यवस्थापनको लागि सम्भाव्यता अध्ययन गरि विसर्जन केन्द्र बनाई फोहोरमैलाको व्यवस्थापन गर्न आवश्यक पहल गरिने छ।

**६.विविध तर्फः**

१. गाउँपालिका अन्तर्गतका मिस्त्रीहरुलाई दक्ष बनाउन गा.पा.स्तरीय तालिमको व्यवस्था गरिने छ।
२. जग्गाको वर्गिकरण गरी औद्योगिक,आवासिय,कृषियोग्य जमिनको वर्गिकरण गरिने छ।
३. संस्कृतीको जगेर्नाको लागि स्थानीय कला सस्कृती जस्तैः भुवो, देउडा, पुतला, चैते दशै आदि जस्ता कार्यक्रहरुलाई प्रोत्साहन गरिने छ।
४. प्रत्येक वडा बाट ५ जनाका दरले पालिका स्तरमा निःशुल्क कम्प्युटर तालिम प्रदान गरिने छ।
५. विभिन्न प्राकृतिक तथा मानवीय कारणले समस्या तथा हिंसामा परेका पीडितहरुको पुनःर्स्थापनाको लागि सुरक्षित बसाइको व्यवस्था मिलाइने छ।
६. बाढी तथा पहिरोको कारण घरवार विहिन भएको हरुको लागि एकिकृत बस्ती विकास र सो कार्यका लागि आवश्यक जग्गा व्यवस्थापनको पहल गरिने छ।
७. विभिन्न कारणले जग्गाधनी प्रमाण पुर्जा विहिनहरुको लागि जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराउन आवश्यक पहल गरिने छ।

८. पर्यटकीय क्षेत्र रामारोशनको प्रचार-प्रसार र विकासमा जोड दिइने छ।

९. नन्दामाता लगायत गाउँपालिका भित्रका धार्मिक क्षेत्र तथा मन्दिरको विकास र पर्वर्द्धनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१०. प्रकोप व्यवस्थापनलाई उच्च प्राथमिक्तामा राखि राहत तथा पुनःर्स्थापनाको कार्यलाइ आवश्यकता अनुसार अगाडी वढाइनेछ।

११. कैलासखोलाको ढुंगा, गिट्टी र वालुवाको संकलन र निकासीलाई नियमन गरिने छ।

१२. सुधारिएको घट्ट र चुलो मार्फत वातावरण स्वच्छता र वातावरणिय स्वास्थ्यलाई ध्यान दिइने छ ।

१३. पर्यटकिय क्षेत्रमा सूचना प्रविधिको पहुँचलाइ सुनिश्चित गरिनेछ।

१४. स्थानीय उत्पादन र उद्‌मीलाइ प्रोत्साहन र पर्वर्द्धन गरिने छ।

१५. जन आन्दोलनका घाइते, अपाङ्ग, जेलवन्दि तथा वेपत्ता परिवारहरुको लागि जीविकोपार्जन एवं सीप विकास क्रियाकलापहरु सन्चालन गरिने छ।

१६. पर्यटकीय क्षेत्र रामारोशनको विकास संरक्षण, प्रवर्धन र प्रचार प्रसारमा जोड दिई पर्यटन मार्फत आर्थिक समृद्धिमा टेवा पु-याउने नीति लिईने छ।

१७. पर्यटकीय क्षेत्र रामारोशन क्षेत्रलाई शुन्य खुला चरन क्षेत्र बनाइने छ।

१८. उल्लेखित सम्पुर्ण सैद्धान्तिक र नीतिगत कुराहरुको कार्यान्वयनको लागी आ.व. २०८१।०८२ को लागि निम्नानुसारको आय तथा व्यय हुने अनुमानित विवरण पेश गर्दछु।

१९. आय तर्फः

| क्र.स. | स्रोत | रकम रु |
|---|---|---|
| १. | संघीय समानीकरण अनुदान | ९,१६,००,००० |
| २. | संघीय सरकार सशर्त अनुदान चालु | २२,४८,००,००० |
| ३. | संघीय सरकार सशर्त अनुदान पूँजि | १,४७,००,००० |
| ४. | संघीय सरकार समपूरक अनुदान पुजिंगत | १,५०,००,००० |
| ५. | प्रदेश सरकार समानीकरण अनुदान | ७९,९४,००० |
| ६. | प्रदेश सरकार सशर्त अनुदान चालु | ५,५०,००० |
| ७. | प्रदेश सरकार सशर्त अनुदान पुजिंगत | ३०,००,००० |
| ८. | प्रदेश सरकार समपूरक अनुदान पुजिंगत | ९५,००,००० |
| ९. | प्रदेश सरकार बिषेश अनुदान | ६५,००,००० |
| १०. | राजश्व बाँडफाँड संघ | १०,६९,००,००० |
| ११. | राजश्व बाँडफाँड प्रदेश | १९,९७,००० |
| १२. | गत वर्षको वैङ्क मौज्दात(अल्या) | ५०,००,००० |
| १३. | आन्तरिक श्रोत अनुमानित | ४०,००,००० |
| जम्मा | | ४८,७०,४१,००० |

व्यय तर्फः

| | |
|---|---|
| संघिय समपुरक अनुदान अन्तरगतका | |

| | |
|---|---|
| योजनाहरुको लागि | |
| प्रदेस समपुरक योजनाहरुको लागि | |
| कार्यालय सन्चालन तथा चालुजन्य खर्च | |
| भुक्तानी दिन वाकि अनिवार्य दायित्व | |
| समपुरक कोष | |
| अन्य | |
| जम्मा | |

अन्त्यमा नेपालको संविधानले तीन तहको राज्य संरचनालाई आत्मसात गरि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दीगो शान्ति, शुसासन, विकास र सम्वृद्धिको आकांक्षा पुरा गर्ने लक्ष्य लिएको छ। जनताको नजिकको सरकारको हिसावले जनताका अधिकतम समस्याको हल स्थानीय सरकारले गर्नु पर्ने र सीमित स्रोत, साधन एवं कमजोर आन्तरिक आयको कारण आम जनताको आकांक्षा अनुरुप एवं हामीले सोचेको आर्थिक, सामाजिक विकास र सम्वृद्धिको लक्ष्य प्राप्त गर्न सकिएको छैन तथापी यो नीति तथा कार्यक्रममा समावेश हुन नसकेका कार्यक्रमहरु आगामी आर्थिक वर्षमा समावेश गरिदै लगिने छ। सीमित स्रोत र साधनबाट दीगो विकास, समृद्धि र सु-शासनको आकांक्षा परिपुर्तिको लागि नै जनताले हामीलाइ यो युगिन जिम्मेवारी सुम्पिएकोले यो नीति तथा कार्यक्रम अनुमोदनको लागि यो सम्मानित सभा समक्ष पेश गर्दछु।

धन्यवाद ।

मान बहादुर साउँद

अध्यक्ष

मान बहादुर साउँद
अध्यक्ष

रामारोशन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तडा, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३